REGIONAL NEWS UNIT
ALL INDIA RADIO GANGTOK
NEPALI NEWS BULLETIN
BROADCAST: 18:40 hrs. Date: 01.11.2025

Indrahang Subba-UN: Dilliram Dulal/Vishnu Neupane

न्यूयोर्कमा जारी संयुक्त राष्ट्र महासभाको अस्सीऔँ सत्रमा भारतको संसदीय प्रतिनिधिमण्डलका सदस्य सिक्किमका लोकसभा सांसद इन्द्रहाङ सुब्बाले तेस्रो समितिमा सांस्कृतिक अधिकारसम्बन्धी विशेष प्रतिवेदकसँगको अन्तरक्रियात्मक संवाद-मा आफ्नो मन्तव्य राख्नुभयो। श्री सुब्बाले सांस्कृतिक अभ्यासकर्ताहरूका लागि दिगो जीविकोपार्जन सुनिश्चित गर्दै, आफ्नो परम्परागत सांस्कृतिक अभिव्यक्तिको संरक्षण, प्रवर्धन र संरक्षण गर्न भारतको दृढ प्रतिबद्धतालाई पुन: पुष्टि गर्नुभयो। साथै, उहाँले राष्ट्रको समावेशी विकास एजेन्डाको अभिन्न अङ्गका रूपमा सांस्कृतिक विविधताको संरक्षण र प्रवर्धनप्रति भारतको प्रतिबद्धतालाई पनि जोड दिनुभयो। श्री सुब्बाले भारतको सशक्त संस्थागत र वैधानिक उपायहरूलाई प्रकाश पार्दै, साहित्यिक, कलाकारिक, साङ्गीतिक र छायाङ्कनात्मक कार्यहरूको संरक्षण गर्न व्यापक रूपरेखा प्रस्तुत गर्नुभयो, जसद्वारा सांस्कृतिक पारिस्थितिक प्रणाली सुदृढ हुँदछ र रचनात्मक अर्थतन्त्रलाई समर्थन मिल्दछ। उहाँले भारत राष्ट्रिय र विश्वव्यापी रूपमा सांस्कृतिक अधिकार र सम्पदा संरक्षणको मूल्यहरूलाई कायम राख्न प्रतिबद्ध छ भनी जोर दिनुभयो।

Sikkim Horticulture:Vishnu Neupane

सिक्किम सरकारको बागवानी विभागले उत्तर प्रदेशको मुजफ्फरनगरमा आयोजित प्रतिष्ठित राष्ट्रिय कृषि प्रदर्शनीमा पहिलो स्थान हासिल गरेको छ। विभागले 'राइजिङ उत्तर प्रदेश हर्टी एक्सपो २०२५' मा 'राष्ट्रिय कृषि प्रगतिमा उत्कृष्ट सचेतना योजना' शीर्षक अन्तर्गत यो महत्त्वपूर्ण पुरस्कार प्राप्त गरेको हो। यो तीनदिने राष्ट्रिय एक्सपो उत्तर प्रदेशको नवीन मण्डीमा अक्टोबर २९ देखि ३१ सम्म आयोजित गरिएको थियो। सिक्किमको प्रदर्शनी कक्षले राज्यका प्रमुख जैविक उत्पादनहरूको जीवन्त प्रदर्शनद्वारा आगन्तुकहरूलाई मोहित गरेको थियो। प्रदर्शनीमा भौगोलिक सङ्केत अर्थात् जीआई ट्याग प्राप्त डल्ले खोर्सानी, किवी,

एभोकाडो, ठुलो अलैँची र सिक्किम म्यान्डारिन जस्ता उत्पादनहरू समावेश थिए। विभागले विशेष गरी बागवानी योजनाहरूलाई प्रभावकारी रूपमा प्रवर्धन गर्न र दिगो तथा पूर्ण जैविक खेती अभ्यासहरूमा राज्यले हासिल गरेको उल्लेखनीय सफलताको पनि उच्च प्रशंसा भएको जानकारी विभागद्वारा जारी विज्ञप्तिमा उल्लेख छ। यसै आधारमा निर्णायक मण्डलले सिक्किमलाई उत्कृष्ट सचेतना योजनाको श्रेणीमा प्रथम पुरस्कार प्रदान गरेको हो।

E-language learning: IPR

सूचना तथा जनसम्पर्क विभाग, आईपीआरले सिक्किमका आदिवासी आधिकारिक भाषाहरूको प्रवर्धन र संरक्षण गर्ने उद्देश्यले ई-भाषा सिकाइ श्रृङ्खला सुरु गरेको छ। यो पहल आधिकारिक रूपमा सेप्टेम्बर ५, २०२५ मा मुख्यमन्त्री प्रेमसिंह तामाङको मार्गदर्शनमा सुरु गरिएको थियो। मुख्यमन्त्रीका प्रेस सचिव युगन तामाङले आज आईपीआर विभागको भ्रमण गर्नुभयो र यस पहलको संरचना र प्रगति बुझ्नुभयो। आईपीआर विभागका प्रभारी मन्त्रीका रूपमा, मुख्यमन्त्रीले युवाहरूलाई उनीहरूको भाषिक र सांस्कृतिक थलोसँग जोड्न आधुनिक सञ्चार उपकरणहरूको प्रयोगलाई प्रोत्साहित गर्नुभएको छ। ई-भाषा सिकाइ श्रृङ्खलामा एघार भाषाहरू लेप्चा, मुखिया, भोटिया, तामाङ, लिम्बू, राई, शेर्पा, मङ्गर, तिब्बती, गुरुङ र नेपालीमा पाठहरू समावेश छन् भने नेवारी भाषाका लागि विज्ञहरू भर्ना गर्ने प्रयास जारी छ।

Arun Upreti-NE Representatives: Vishnu Neupane

पहिलो पूर्वोत्तर राज्य सहकारी सङ्घहरूको मञ्चका प्रतिनिधिहरूले आज सहकारी विभागका मन्त्री अरुणकुमार उप्रेतीसँग शिष्टाचार भेट गरे। भेटका क्रममा पूर्वोत्तर राज्यहरूबीच सहकारी आन्दोलनलाई अझ सुदृढ पार्न र अनुभव तथा उत्कृष्ट अभ्यासहरू आदान-प्रदान गर्नेबारे विचार-विमर्श भयो। मन्त्री श्री उप्रेतिले सहकारी क्षेत्र देशको आर्थिक र सामाजिक सशक्तिकरणको महत्त्वपूर्ण माध्यम भएको कुरामा जोड दिनुभयो र पूर्वोत्तर राज्यहरूबीचको सहकार्य र अनुभव आदान-प्रदानले सहकारी क्षेत्रलाई नयाँ उचाइमा पुर्‍याउने विश्वास व्यक्त गर्नुभयो। यी प्रतिनिधिहरू सिक्किम राज्य सहकारी सङ्घद्वारा गान्तोकमा आयोजित पहिलो पूर्वोत्तर राज्य सहकारी सङ्घहरूको सम्मेलनमा सहभागी हुन आएका हुन्।

Pakyong-Samdup Lepcha: IPR

समाज कल्याण विभागका मन्त्री सम्दुप लेप्चा आज आसाम लिंग्जेमा प्राथमिक आदिवासी भाषा शिक्षकहरूका लागि आयोजित एक हप्ते तालिम-एंव कार्यशालाको समापन कार्यक्रममा उपस्थित हुनुभयो। श्री लेप्चाले आफ्नो सम्बोधनमा शिक्षकहरू समाजको मेरुदण्ड हुन् र विद्यार्थीहरूलाई शिक्षित गर्ने र आदिवासी भाषाहरूको संरक्षण गर्ने दुवै क्षेत्रमा आदिवासी भाषा शिक्षकहरूको प्रमुख भूमिका रहेको बताउनुभयो। उहाँले भगवान बिरसा मुण्डाको जीवन र योगदानबारे चर्चा गर्दै, नोभेम्बर १ देखि १५ सम्म देशभरि मनाइने जनजाति गौरव वर्ष पखवाडा-माथि पनि प्रकाश पार्नुभयो।